**नेपाल युवा सम्मेलन, २०२४**
**सम्मेलन घोषणापत्र**

२०८१ श्रावण २९

**प्रस्तावना**

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्ले नेपाल स्थित संयुक्त राष्ट्र संघसँगको साझेदारीमा आयोजना गरेको नेपाल युवा सम्मेलन, २०२४ मिति २०८१ श्रावण २८ र २९ गते (२०२४ अगस्ट १२ र १३) काठमाडौंमा सम्पन्न भयो।

१. नेपालको संविधान, राष्ट्रिय युवा नीति २०७२ तथा युथ भिजन, २०२५ लाई आत्मसात गर्दै,
२. युवा नीति तथा कार्यक्रम सम्बन्धी लिस्बन घोषणापत्र, १९९८ लाई स्मरण गर्दै,
३. नेपालले दिगो विकासका लक्ष्यमा हालसम्म गरेको प्रगति तथा प्रतिबद्धतालाई सम्मान गर्दै,
४. संयुक्त राष्ट्र संघको मुख्यालयमा २०८१ असोज ६ र ७ गते (२०२४ सेप्टेम्बर २२ र २३) मा हुने उच्चस्तरीय कार्यक्रम 'समिट अफ द फ्युचर' (भविष्यको सम्मेलन) मा हाम्रा युवाहरूको नेतृत्व र भावी पुस्ताको भविष्यलाई साकार गर्न महत्त्वपूर्ण रहेको विषयलाई मनन गर्दै,
५. हामी युवाहरु नेपालका संघीय, प्रदेश र स्थानीय सरकार, युवा नागरिक समाज र सरोकारवालासँग बृहत् परामर्श पछि नेपालको संविधान तथा संयुक्त राष्ट्र संघको बडापत्र अनुरुपका प्रतिबद्धता कार्यान्वयन गर्न र नेपाली युवाहरुको निम्नानुसारका प्राथमिकतालाई सम्बोधन गर्न सरकार तथा नेतृत्वलाई आह्वान गर्दछौं:

प्रतिबद्धताहरू :
६. मानव अधिकार, सामाजिक न्याय तथा समावेशी विकासलाई प्रवर्द्धन र संरक्षण गर्दै महिला, बालबालिका, दलित, युवा, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक (एलजीबीटीआईक्युप्लस), सीमान्तकृत र पछाडि पारिएका समुदायको अधिकारलाई सम्मान गर्दै समृद्धि, शान्ति र विकासकालागि समावेशी तथा दिगो मार्ग सुनिश्चित गर्ने।
७. संघ, प्रदेश र स्थानीय सरकार सहित राज्यका हरेक तहहरुमा युवाहरुको अर्थपूर्ण सहभागिता र नेतृत्वलाई सुनिश्चित गर्दै, उनीहरूले परिवर्तनको संवाहकको रूपमा खेल्न सक्ने प्रमुख भूमिकालाई स्वीकार्दै र उनीहरूको आवश्यकता तथा निर्णय प्रक्रियामा सहभागितालाई नीतिगत तहमा प्रतिविम्बित गर्नका लागि अन्तर्पुस्तागत संवाद, साझेदारी र विकास परिवर्तनलाई अगाडि बढाउने गरी युवा क्षमता सुदृढ बनाउने।

८. स्वास्थ्य, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार एवम् सामाजिक सुरक्षा जस्ता आधारभूत अधिकार र सेवाहरूमा समान र समतामुलक पहुँचको सुनिश्चिततासहित युवामा लगानी र मानसिक स्वास्थ्य, बृहत यौनिकता शिक्षा प्रवर्द्धनकालागि आवश्यक नीति तर्जुमा तथा कार्यक्रम

सञ्चालन गर्ने। यसका अतिरिक्त युवा र भावी पुस्ताको समृद्धिकालागि सुरक्षित सामाजिक तथा आर्थिक अवसरहरूलाई अघि बढाउने।

९. जलवायु परिवर्तनका विषयहरूमा युवालाई केन्द्रमा राखी जलवायुमैत्री नेपाललाई सुनिश्चित गर्न जलवायु परिवर्तन, प्रदूषण र जैविक विविधतामा पुग्न सक्ने क्षतिलाई सम्बोधन गर्ने गरी स्वच्छ, स्वस्थ र दिगो प्राकृतिक वासस्थान सँगै दिगो वातावरणलाई जोड दिने।

**र, यी कार्यहरूमा तीव्रता ल्याउनः**

१०. युवा, महिला, बालबालिका, दलित, अपाङ्गताभएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक र पछाडि पारिएका तथा जोखिम भएकाहरूको आवश्यकता र अधिकारलाई सम्बोधन गर्ने समावेशी नीति अबलम्वन गर्ने । युवाहरूलाई डिजिटल प्रविधिबाट हुने लगायत सबै प्रकारका हिंसा र हानिकारक सामग्रीबाट जोगाउनका लागि नीतिगत तथा कानुनी ब्यबस्था गर्नकासाथै डिजिटल प्रविधिलगायत शिक्षा तथा प्रविधिमा पहुँच विस्तार गर्ने।

११. सबै तहका सरकारमा युवाको अर्थपूर्ण सहभागिता र संलग्नता हुने गरी खुला र नीतिमा आधारित संवाद तथा परामर्शकासाथै नीतिगत क्षेत्रहरूमा युवाको आवश्यकता र प्राथमिकतालाई प्रतिविम्बित गर्ने कार्यक्रमलाई प्रोत्साहन गर्ने।

१२. नेपालमा हाल रहेको जनसांख्यिक लाभको पूर्ण उपयोग गर्न युवाहरूको क्षमतालाई पूर्णरुपमा उपयोग गर्ने, युवा मैत्री सार्वजनिक सेवाहरूको गुणस्तरीयता प्रवर्द्धनमा लगानीलाई जोड दिने। विशेषतः उनीहरूको शारीरिक र मानसिक स्वास्थ्यलाई सुनिश्चित गर्ने गुणस्तरीय शिक्षा, स्वास्थ्य, खेलकुद, कला तथा मनोरञ्जन र सामाजिक सुरक्षाका योजनाहरुमा लगानी बढाउने।

१३. युवाहरुको सर्वाङ्गीण विकास सुनिश्चित गर्न र राष्ट्रको समग्र आर्थिक, सामाजिक विकासका लागि योगदान दिनसक्ने सक्षम जनशक्ति उत्पादन गर्नका लागि विश्वव्यापी बजारको माग अनुसार दक्ष, प्रतिस्पर्धी युवा जनशक्ति उत्पादन गर्न, शिक्षामा लगानी वृद्धि, पूर्वाधार र पाठ्यक्रममा सुधार गर्ने, शिक्षा प्रणालीको आधुनिकिकरण गर्ने र शीपमुलक, प्राविधिक, व्यवहारिक, जिवनोपयोगी, शिक्षाको सुनिश्चितता गर्ने, शिक्षामा सबै समुदायका युवाको समतामुलक पहुँच सुनिश्चित गर्ने ।

१४. नेपाल मध्यम आययुक्त देशमा स्तरोन्नति हुँदै गर्दा युवा विकास र अवसर विस्तार गर्न विज्ञान, प्रविधि र नवप्रवर्तन, अध्ययन, शोध र अनुसन्धानमा लगानी गर्ने।

१५. लैंगिक समानताकालागि महिलाको समानुपातिक सहभागिता, सार्वजनिक र निजी क्षेत्रमा महिला समानुपातिक सहभागितालाई सुनिश्चित गर्ने र समाजमा विद्यमान लैंगिक हिंसा, हानिकारक अभ्यास जस्ता अवरोधहरुलाई निस्तेज पार्न आवश्यक कानूनी र नीतिगत कदम चाल्ने, हानिकारक लैंगिक तथा सामाजिक मूल्य मान्यता परिवर्तन गर्न रुपान्तरणकारी सचेतनामुलक कार्यक्रम गर्ने र अनुगमन संयन्त्र सुदृढ गर्ने।

१६. युवाहरुलाई नेपाल भित्रै रोजगारीका अवसरहरु सिर्जना गर्ने, आयआर्जन सिर्जना गर्ने आर्थिक परिस्थितिकीय प्रणाली (इनकम जेनेरेसन इकोसिस्टम)को विकास गर्ने, हरित अर्थतन्त्र,

उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन गर्न लगानी बढाउने, शीपमुलक, प्रविधिमैत्री आधुनिक रोजगारीका अवसरहरु बढाउने, श्रमिकहरुको आधिकार, श्रमको उचित मूल्य, कार्यस्थलमा सुरक्षित वातावरण सुनिश्चित गर्ने, विदेशमा उच्च शिक्षा अध्ययन एवं रोजगारीका अवसर खोज्ने युवाहरूलाई पारदर्शी र सुरक्षित वातावरणको प्रत्याभूतिकालागि सुरक्षित आप्रवासका कुटनीतिक पहल गर्ने र वैदेशिक रोजगारी तथा अध्ययन पुरा गरि फर्किएका युवाहरुको ज्ञान, शीप तथा अनुभवलाई स्वदेशमा उपयोग गर्न एक्सचेन्ज प्रोग्राम, मेन्टरिङ जस्ता कार्यक्रमहरु लागू गर्ने ।

१७. जलवायु परिवर्तनसँग जोडिने मानवीय संकटहरूका प्रभावहरूको सम्बोधन, जलवायु न्यायको पैरवी र वातावरणीय चुनौतीहरूको सामना र अनुकूलनकालागि आवश्यक परामर्शका साथै दिगो अभ्यासहरू विकास गरी जलवायु परिवर्तनसँग जुध्न युवा लक्षित लगानी वृद्धि गर्दै लैजाने ।